# मानव सेवा आश्रमहरुको पूर्वाधार विकास तथा सञ्चालन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७६

सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश,

पोखरा, नेपाल ।

# मानव सेवा आश्रमहरुको पूर्वाधार विकास तथा सञ्चालन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७६

प्रस्तावना

सडकापेक्षी नागरिक मुक्त सडकको अवधारणा अन्तर्गत सडकमा रहने वेवारिसे, अभिभावकविहीन, मानसिक रुपमा विक्षिप्त एवं अशक्त र अपाङ्गता भएका नागरिकहरुको उद्धार गरी सहज तथा सम्मानपूर्ण जीवनयापनमा सहयोग प्रदान गर्नका लागि त्यस्ता नागरिकको सेवामा समर्पित गण्डकी प्रदेशभित्र रहेका मानव सेवा आश्रमहरुको क्षमता अभिवृद्धि तथा भौतिक पूर्वाधार विकासमा सहयोग गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकोले गण्डकी प्रदेश सरकार मन्त्रीपरिषद्बाट यो कार्यविधि स्वीकृत गरिएको छ ।

परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मानव सेवा आश्रमहरुको पूर्वाधार विकास तथा सञ्चालन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनु पर्दछ ।

(ख) "सचिव" भन्नाले सामाजिक विकास मन्त्रालयको सचिव सम्झनु पर्दछ ।

(ग) "महाशाखा प्रमुख" भन्नाले सामाजिक विकास महाशाखा प्रमुख सम्झनु पर्दछ ।

(घ) "मानव सेवा आश्रम" भन्नाले सडकमा रहने वेवारिसे, अभिभावक विहीन, अशक्त र अपाङ्गता भएका नागरिकलाई खाना, आवास, मनोविमर्श समेतका सेवा पुऱ्याउने उद्देश्यले कानुन वमोजिम दर्ता भई सञ्चालनमा रहेका गण्डकी प्रदेश भित्रका मानव सेवा आश्रमलाई सम्झनु पर्दछ ।

परिच्छेद – २

## प्रस्ताव आव्हान तथा मूल्याङ्कन प्रक्रिया

३. **प्रस्ताव आव्हान गर्ने:** मन्त्रालयले वार्षिक विकास कार्यक्रम वमोजिम सडकमा रहने वेवारिसे, अभिभावक विहीन बालबालिका, मानसिक रुपमा विक्षिप्त एवं अशक्त र अपाङ्गता भएका नागरिकलाई सेवा पुऱ्याउने क्षेत्रमा समर्पित गण्डकी प्रदेश भित्रका मानव सेवा आश्रमहरुलाई अनुदान दिने प्रयोजनका लागि मन्त्रालयले निश्चित अवधि तोकी अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव आव्हान गरिनेछ ।

सचिव

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

४. **प्रस्ताव पेश गर्नेः** (१) मानव सेवा आश्रमहरुले मन्त्रालय समक्ष निर्धारित अवधिभित्र रित पूर्वक भरिएको अनुसूची २ वमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग पेश गर्दा देहायका कागजातहरुको प्रतिलिपी समेत संलग्न गर्नुपर्नेछ ।

(क) संस्था दर्ता प्रमाणपत्र

(ख) संस्थाको विधान

(ग) संस्था नवीकरणको प्रमाण

(घ) कर चुक्ताको प्रमाण

५. **प्रस्ताव मूल्याङ्कनका आधारहरुः** (१) प्रस्ताव मूल्याङ्कनका आधारहरु देहायबमोजिम हुनेछन् ।

(क) संस्थाको भौतिक अवस्था (जग्गा, भवन, अन्य स्रोत) को विवरण

(ख) संस्थाको कार्याविधि/कार्यानुभव

(ग) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

(घ) संस्थाबाट प्रदान गर्दै आएका सेवाहरु/ नागरिकको संख्या

(२) उपदफा (१) बमोजिमका आधारलाई अनुसूची ३ मा उल्लेख भए वमोजिम अंकभार प्रदान गरी प्राप्ताङ्कको आधारमा प्रस्तावहरुको मूल्याङ्कन गरिनेछ ।

६. **प्रस्ताव मूल्याङ्कन समितिः** (१) यस कार्यविधि वमोजिम प्रस्तावहरुको मूल्याङ्कन गर्न मन्त्रालयमां देहाय बमोजिमको एक समिति रहनेछ ।

| | |
|---|---|
| (क) सामाजिक विकास महाशाखा प्रमुख | -संयोजक |
| (ख) मन्त्रालयका योजना तथा प्रशासन महाशाखाका प्रमुख | -सदस्य |
| (ग) आन्तरिक मामिला तथा कानून मन्त्रालयका अधिकृत प्रतिनिधि | -सदस्य |
| (घ) मन्त्रालयका आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (ङ) महिला विकास अधिकृत (सम्बन्धित शाखा) | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले वैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको मितिले ७ दिन भित्र समितिले प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि सचिव समक्ष पेश गर्ने ।

(ख) दफा (५) को उपदफा (१) र (२) मा तोकिए बमोजिम मूल्याङ्कन गरी छनौट गर्ने ।

(ग) समितिले प्रस्ताव मूल्याङ्कन गर्दा मानव सेवा आश्रमहरुको पूर्वाधार तथा क्षमता विकासको अवस्थालाई विश्लेषण गरि अनुदान रकम एकिन गरि सिफारिस गर्ने ।

७. **प्रस्ताव स्वीकृति र अख्तियारी दिने प्रक्रियाः** (१) दफा ६ बमोजिमको समितिले स्वीकृतिका लागि सचिव समक्ष पेश गरेका प्रस्तावहरु मनासिब कारण भएमा वाहेक ७ दिनभित्र स्वीकृत गर्नुपर्नेछ ।

(२) प्रस्तावहरु स्वीकृत भए पछि मन्त्रालयको वेवसाइट र सूचना पाटी मार्फत् सार्वजनिक गरिनेछ ।

(३) स्वीकृत भएका प्रस्तावहरु उपदफा (१) बमोजिम सार्वजनिक भएको मितिले ७ (सात) दिनभित्र मन्त्रालयले मानव सेवा आश्रम सञ्चालनमा रहेका सम्बन्धित स्थानीय तहलाई अख्तियारी प्रदान गर्नेछ ।

८. **कार्यक्रम अनुगमनः** (१) कार्यक्रमको अनुगमन मन्त्रालय र सम्बन्धित स्थानीय तहबाट हुनेछ ।

(२) अनुगमन प्रतिवेदनको ढाँचा अनुसूचि ४ वमोजिम हुनेछ ।

९. **लेखा परिक्षण सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम अख्तियारी प्राप्त गर्ने स्थानीय तहको प्रचलित कानून वमोजिम लेखा राख्ने तथा लेखा परीक्षण गर्ने गराउने दायित्व रहनेछ ।

१०. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउनेछ ।

११. **संशोधन एवं हेरफेरः** मन्त्रालयले यस कार्यविधिमा संशोधन एवं हेरफेर गर्न आवश्यक ठानेमा संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

अनुसूची -१

परिच्छेद २ (दफा ३ सँग सम्बन्धित)

सूचनाको ढाँचा

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश

पोखरा नेपाल ।

**"मानव सेवा आश्रमहरुको पूर्वाधार विकास तथा सञ्चालन सम्बन्धी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति- २०/..../...

यस मन्त्रालयको आ.व. २०७६/०७७ को वार्षिक विकास कार्यक्रम तर्फ "मानव सेवा आश्रमहरुको पूर्वाधार विकास तथा सञ्चालन कार्यक्रम सम्बन्धी अनुदान दिने कार्यक्रम रहेको हुँदा सो वमोजिम गर्न गण्डकी प्रदेश भित्रका उक्त क्षेत्रमा काम गर्ने कानून वमोजिम दर्ता भई संचालनमा रहेका मानव सेवा आश्रमहरुले यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्र **मानव सेवा आश्रमहरुको पूर्वाधार विकास तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६** को अनुसूची २ बमोजिमको ढाँचामा देहाय अनुसारका कागजातहरु संलग्न गरी कार्यक्रम प्रस्ताव यस मन्त्रालयमा पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावको लागि आवश्यक कागजातहरु

(क) रीतपूर्वकको कार्यक्रम प्रस्ताव,

(ख) संस्थामा जनशक्तिको अवस्था

(ग) संस्थाको कार्यक्षेत्र/कार्यावधि/कार्यानुभव

(घ) संस्थाको वार्षिक प्रगति प्रतिवेदन

(ङ) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

(च) संस्थाबाट प्रदान गर्दै आएका सेवाहरु

(छ) कार्यक्रम संचालनको कार्ययोजना

## अनुसूची- २

( दफा ४ को १ सँग सम्बन्धित)

## कार्यक्रम प्रस्तावको ढाँचा

श्री सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश पोखरा नेपाल

विषयः प्रस्ताव पेस गरिएको सम्बन्धमा ।

**१. मानव सेवा आश्रमको विवरणः**

(क) मानव सेवा आश्रमको नामः

(ख) ठेगानाः........... जिल्ला ...............गा.पा./न.पा .......वडा नं. ........................ टोल

(ग) अध्यक्षको नामः ..........................मोबाईल नं....................... ईमेलः

(घ) मानव सेवा आश्रमको दर्ता नं. र मिति ............................

(ङ) समाजकल्याण परिषदमा आवद्धता मितिः.................................

**२.कार्यक्रमको संक्षिप्त विवरण**

(क) कार्यक्रमको नामः

(ख) लागत अनुमान अनुसारको रकम रु.................. (अक्षरमा.......................)

(ग) आश्रमको तर्फबाट रु ...................... (अक्षरमा........................)

(घ) मन्त्रालयबाट प्राप्त रु .................. (अक्षरमा...........................)

(ङ) अन्य स्रोतबाट रु ...................... (अक्षरमा............................)

(च) कार्यक्रम सम्पन्न हुन लाग्ने अवधिः

(छ) जनशक्ति सम्बन्धी व्यवस्थाः

**३. कार्यक्रमको प्रस्ताव तयार पार्दा समावेश हुनु पर्ने मूख्य विवरणहरुः**

(क) पृष्ठभूमी............ ...................... ................. ................... ..................... ..................... ...................... ......................... ........................ ....................... ........................ ............... ...............

(ख) कार्यक्रमको उद्देश्यः ...................... ................. ................... ..................... ..................... ...................... ......................... ........................ ....................... ........................ ............... ...............

(ग) कार्यक्रमको औचित्यः ...................... ................. ................... .....................
..................... ...................... ......................... ........................ .......................
........................ ................ ................

(घ) मानव सेवा आश्रममा हाल रहेका नागरिकहरुको विवरण

| सि नं | नामथर | ठेगाना | लिङ्ग | उमेर | प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**नोटः** आश्रममा उल्लेखित नागरिकहरु कसरी आएका हुन्, कैफियतमा खुलाउनुहोला

(ङ) भौतिक पूर्वाधारको अवस्था (उज्यालोको अवस्था, मर्मत गर्नु पर्ने नपर्ने, रङ्गरोगनको अवस्था, बसाइ व्यवस्था आदि) ...................... ................. ................... .....................
..................... ...................... ......................... ........................ .......................
........................ ................ ................

(च) आश्रमबाट प्रदान गर्दै आएका सेवाहरु

१) आवास

२) मनोविमर्श र स्वास्थ्य उपचार

३) आयआर्जन सम्बन्धी तालिम

४) कानुनी परामर्श र सहायता

५) पारिवारिक र समाजमा पुनर्स्थापना र पुनर्मिलन

६) अन्य सेवाहरुः ...................... ................. ................... .................... .....................
..................... ........................ ....................... ...................... ........................ ...............
...............

(छ) आशातित उपलब्धिः ...................... ................. ................... .....................
..................... ...................... ......................... ........................ ....................... ................

(झ) बैंकको नामः खाता नं

(ट) प्रस्ताव पेश गर्ने आश्रमको तर्फबाट

नामः हस्ताक्षरः

पदः अध्यक्ष मितिः

संस्थाको छापः

अनुसूची -३

(दफा ५ को (२) सँग सम्बन्धित)

मानव सेवा आश्रमको पूर्वाधार विकास तथा संचालन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि माग प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क.सं | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सेवा प्राप्त गर्ने नागरिकहरुको संख्या | ४० | | |
| २ | जग्गा/भवन आदी पूर्वाधारको उपलब्धता | ३० | | |
| ३ | आश्रमको कार्यानुभव | ३० | | |
| जम्मा | | १०० | | |

## अनुसूची -४

(दफा ८ (२) सँग सम्वन्धित)

### कार्यक्रम अनुगमन प्रतिवेदनको ढाँचा

मानव सेवा आश्रमको नाम र ठेगाना:

कार्यक्रमको नाम:

उपलब्ध गराइएको रकम रु. ................................ (अक्षरमा ....................................)

रकम उपलब्ध गराइएको मिति:

कार्यक्रम शुरु मिति..................

कार्यक्रम सम्पन्न मिति.................

कार्यक्रम संचालनमा देखिएका समस्या, समाधानका उपाय र गरिएका प्रयासहरु:

सुझावहरु:

कार्यक्रम संचालन गर्ने आश्रमको राय प्रतिक्रिया:

अनुगमनकर्ताको राय:

आश्रमको तर्फवाट

नाम: ........................................ पद: ................. हस्ताक्षर: .................

नाम: ........................................ पद: ................. हस्ताक्षर: .................

नाम: ........................................ पद: ................. हस्ताक्षर: .................

आश्रमको छाप

अनुगमनकर्ता:

नाम: पद: हस्ताक्षर:

मिति: